नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं

## स्नातकोत्तर तहको शोधपत्र (Master Level Thesis) सहयोग सम्बन्धी सूचना

प्रथम पटक प्रकाशन मिति २०८०/१०/०१

यस मन्त्रालयको चालु आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रममा सरकारी क्याम्पसमा स्नातकोत्तर तहमा अध्ययनरत १० जना विद्यार्थीलाई शोधपत्रको लागि सहभागी गराउने सम्बन्धी सहयोग कार्यक्रम (महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक र यौनिक तथा लैङ्गिक अल्पसंख्यक) रहेको छ । अतः सरकारी क्याम्पस/विश्वविद्यालयमा स्नातकोत्तर तहको अन्तिम वर्ष पुरा गरी उल्लिखित विषयमा शोधपत्र (Thesis) लेख्न सुरु गरेका इच्छुक विद्यार्थीहरूले यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र तपसिल बमोजिमको शर्तहरूको अधीनमा रही यस मन्त्रालयमा निवेदन दर्ता गराउनुहुन जानकारी गराइन्छ।

तपसिल

१) स्नातकोत्तर तहको शोध (Master Level Thesis) सहयोग कार्यक्रममा समावेश हुन इच्छुक विद्यार्थीले आफूले लेख्ने शोध विषयको क्याम्पस/विश्वविद्यालयबाट स्वीकृत शोध प्रस्ताव, उक्त क्याम्पस/विश्वविद्यालयको सिफारिसपत्र, विश्विविद्यालय रजिष्ट्रेशन नं. र नेपाली नागरिकताको प्रतिलिपि संलग्न गरी यस मन्त्रालयमा निवेदन दिनुपर्नेछ।

२) निवेदन दिएका विद्यार्थीहरूमध्ये बढीमा १० (दश) जनालाई प्रस्तुतीकरण/अन्तर्वार्ताबाट तोकिएको मापदण्डको आधारमा छनोट गरिनेछ।

३) यस कार्यक्रममा छनोट भएका विद्यार्थीहरूलाई प्रति विद्यार्थी रु. २५,०००।- (अक्षेरेपि पच्चीस हजार मात्र) सहयोग रकम उपलब्ध गराइनेछ। उक्त रकम भुक्तानीका लागि विद्यार्थीले अनिवार्य रूपमा सुपरिवेक्षकको सिफारिसपत्र सहितको शोधपत्र पेश गर्नुपर्नेछ। तत्पश्चात् उल्लिखित रकम एकमुष्ट रूपमा विद्यार्थीको खातामा निकासा गरिनेछ।

४) शोधपत्र पेश गरिसक्नुपर्ने अवधि २०८१ साल जेठ मसान्तभित्र रहनेछ।

५) अन्य थप शर्त वा प्रक्रिया यस कार्यको लागि गठित सहजीकरण समितिको निर्णयाअनुसार हुनेछ।

अन्य विस्तृत जानकारीका लागि यस मन्त्रालयको तथ्याङ्क विश्लेषण तथा प्रकाशन शाखा (Email: stat@mowcsc.gov.np, फोनः ०१-४२११९९०) मा सम्पर्क गर्न सकिनेछ।